# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८ १ नं. प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०७७/०७/२८)

चिशंखुगढी गाउँपालिकामा ५ (पाँच) बेडको कोभिड अस्थायी अस्पताल सञ्चालनार्थ **"स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७"** बमोजिम मिति २०७७/६/१८ गते प्रथम पटक प्रकाशित सूचनानुसार विज्ञापन नं. ०२/०७७/७८ मा कुनै पनि उम्मेदवारको आवेदन नपरेको हुँदा मिति २०७७/०७/२७ गतेको पदपूर्ति समितिको निर्णयानुसार पनुः विज्ञापन गर्ने निर्णय भए अनुसार उक्त पदमा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नं. | सेवा | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०५/०७७/७८ | स्वास्थ्य | मेडिकल अधिकृत | अधिकृतस्तर (आठौं) | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS उत्तीर्ण गरेको वा सो सरह | १०००।- | |

१. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून बमोजिम सम्बन्धित काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा प्रचलित कानून बमोजिमका अन्य कागजातहरु ।

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७७।०८।०७ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजिक विदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

६. **दरखास्त दस्तुर :-** यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४०००३ मा तोकिएको दस्तुर जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

७. **परीक्षाको किसिम :-** संक्षिप्त सूचि तथा अन्तर्वार्ता ।

८. **परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ५ (पाँच) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

९. **पाठ्यक्रमः** चिशंखुगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ ले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **पारिश्रमिक तथा सेवा सुविधाः** करार शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

११. **कार्यविवरणः-** पदीय जिम्मेवारी बमोजिम तोकिएका कार्य ।

१२. **काम गर्नुपर्ने स्थानः-** कोभिड अस्थायी अस्पताल चिशंखुगढी गाउँपालिका ओखलढुंगा ।

१३. **दरखास्त पेश गर्ने स्थानः-** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा अथवा online बाट पनि फारम भरी दरखास्त पेश गर्न सकिनेछ ।

१४. **करार अविधिः** कार्यपालिकाको निर्णयानुसार ।

०७७/०७/२८

प्रमुख प्रशासकीय अधिकृत

*द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ०३७-६२००७५ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फाराम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।*